कृषि पत्रकार समाज प्रदेश ५ द्वारा प्रकाशित

# कृषिपत्र

किसानका खबर, किसानकै कुरा

प्रदेश नं. ५ को पहिलो पाक्षिक कृषि खबर पत्रिका

www.Krishipatra.com | वर्ष १ । अंक ५। | १ देखि १५ जेठ २०७६ । 15 - 29 May 2019 | । पृष्ठ संख्या ८ । | मूल्य रु. १०।

कृषि सम्बन्धि पलपलको
सूचना, समाचार
रजानकारीको लागि
www.Krishipatra.com
मा लगअन गर्नुहोला ।

## कृषिमा प्रदेश सरकारको नीति कार्यक्रम

# गरौं व्यवसायीक कृषि, यसबाटै हुन्छ समृद्धि



**कृषिमा कार्यक्रमा**

- ■ प्रत्येक पालिका एक कृषि /पशुपंक्षि ल्याब
- ■ ■ एक गाउँ एक फल कार्यक्रम
- ■ एक गाउँ एक प्रांगारिक कृषि गाउँ
- ■ टृस्य कल्चर ल्याब स्थापना
- ■ शिक्षित कृषि उद्यमी कार्यक्रम
- ■ पहाडमा रेन्बो र असला माछा खेती प्रर्वद्धन
- ■ तिन स्थानमा माछा महोत्सव आयोजना
- ■ युवा रोजगार कृषि कार्यक्रम
- ■ एकपालिका एक स्मार्ट कृषि गाउँ

**कृषि पत्र संवाददाता**
बुटवल, जेठ।

पाँच नम्बर प्रदेश सरकारले नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ। प्रदेश सभा बैठकमा प्रदेश प्रमुख उमाकान्त झाले प्रदेशको नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन। कृषि क्षेत्रमा प्रदेश सरकारले गत बर्ष सुरु गरेका केही नमुनायोग्य कार्यक्रमलाई निरन्तरात दिएको छ। भने केही नयाँ थपेको छ।

प्रस्तुत गरिएको नीति तथा कार्यक्रममा गत बर्ष प्रदेश सरकराले सुरुवात गरेको एक निर्वाचन क्षेत्र एक स्मार्ट गाउँ लाई यस यस बर्ष पनि निरन्तता दिएको छ। यसलाई विस्तार गरी एक पालिका एक स्मार्ट कृषि गाँउको अवधारण समेत प्रदेश सरकारले नीति तथा कार्यक्रममा समेटेको छ।

यो आर्थिक बर्षमा कृषि तथा पशुपंक्षि तर्फ केही नयाँ कार्यको समेत सुरुवात सरकारले गर्ने भएको छ। युवा कृषि कार्यक्रम, कृषिकर्मी रोजगार कार्यक्रम देखि प्रदेश स्तरिय कृषक सम्मान कार्यक्रम समेत थप भएका छन। शिक्षित युवाहरूलाई कृषिमा आर्कषण गर्नको लागि शिक्षित कृषि उद्यमी कार्यक्रम समेत यस बर्ष सरकारको प्रथमिकतामा परेको छ।

नीति तथा कार्यक्रममा समेटिएको अनुसार कृषिकर्मी रोजगार कार्यक्रम सञ्चलन गरिने भएको छ। यस्तै अहिले सञ्चालनमा रहेका कृषि उपज केन्द्रहरूलाई थप विस्तार, विकसित गरी कृषि उपज केन्द्र निर्माणमा सरकारको विशेष जोड रहेको छ।

माछाको भुरा उत्पादन, दानाउद्योग स्थापना गर्नको लागि प्रदेश सरकारले प्रोत्साहन गर्नुको साथै माछाको बिमा तथा बजारीकरणमा सरकारले विशेष जोड दिने भएको छ। यस्तै प्रदेश ५ का पहाडी जिल्लामा माछाका खेती विस्तारको समेत अवधारणा सरकारले लिएको छ।

पहाडी जिल्लामा रेन्ब्रो ट्राउट माछा र असला माछा खेती लागि किसानलाई पोत्साहन कार्यक्रम सञ्चलन गर्ने देखि लिएर आर्थिक बर्ष अवधी भरमा तिन स्थानमा माछा महोत्सव नै आयोजना गर्ने प्रदेश सरकारको योजनामा समेटिएको छ।

यस्तै स्थानिय रैनाथे बाली संरक्षणमा विशेष जोड दिनुको साथै स्थानिय तहको सहकार्यमा जनचेतानमुलक कार्यक्रम सञ्चालन, पोषाणमा कमजोर देखिएका स्थानहरूमा सरोकारवालाहरू संगको सहकार्यमा कार्यक्रम समेत सञ्चलन गरिने छ।

यसको लागि दुध, माछा, मासु र अण्डमा विशेष पहुँच बढाउनको लागि गर्भवती महिला र सुत्केरी आमाहरूलाई विशेष पुँचमा ल्याईने जनाइएको छ।

उत्कृष्ठ प्रादेशिक कृषक सम्मान कार्यक्रमका साथै-'गरौ व्यवसायीक कृषि, यसबाटै सुरु हुनेछ समृद्धि' भन्ने नारा तय गर्दै युवा कृषि कार्यक्रम समेत सञ्चलन गरिने भएको छ। विदेशबाट स्वदेशमा फर्कीएका युवाहरूलाई कृषिकर्ममा लगाउने गरी स्वदेश कृषि रोजगार कार्यक्रम सञ्चालन गरिने छ।

कृषिमा रसायनिक मलको सट्टा प्रांगारिक, अर्गानिक खेतीप्रणालीलाई विशेष जोड दिदै नीती तथा कार्यक्रममा प्रांगारिक मल उत्पादनको लागि सहकारी क्षेत्र र नीजि क्षेत्रलाई प्रोत्सहन गरिने उल्लेख गरिएको छ।

यस्तै प्रत्येक स्थानि तहमा एउटा/एउटा पशुपंक्षि तथा कृषि प्रयोशाला यसै बर्ष स्थापना गरिने सरकराले लक्ष्य लिएको छ। जसले किसानहरूको सहयात्रीको रूपमा काम गर्ने, माटो परिक्षण देखि लिएर विभिन्न समयमा हुन सक्ने आकत्मीक महमहारीहरूको रोकथाममा समेत विशेष भुमिका खेल्ने अपेक्षा सरकारले लिएको छ।

साना किसान सिंचाई आयोजनालाई निरन्तरता दिदै अझ विस्तार गरिने सरकारको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ भने टृस्यु कल्चर मार्फत विरुवा उत्पादन र विस्तारको लागि प्रदेशमा आधुनिक सुविधा सम्पन्न टृस्यु कल्चर ल्याव(प्रयोगशाला) स्थापना गरिने भएको छ।

उत्पादीत विऊ, संरक्षण, सुरक्षित भण्डारणका लागि विउ विजन प्रयोगशाला र विऊ उत्पादन सुरक्षित भण्डारण गृह समेत निर्माण गर्ने लक्ष्य सरकराले लिएको छ। यस्तै उत्पादित बस्तु प्रशोधनको लागि उद्योग स्थापना गर्न नीजि क्षेत्रसंगको सहकार्यमा विशेष जोड दिने जनाइएको छ।

उत्पादन मुलक कृषि क्षेत्रलाई विशेष जोड दिदै स्थानिय तहमा कृषि क्याम्पससंग संमन्वय गरी प्रसार प्रसारमा कृषि क्षेत्रका विद्यार्थीहरूको परिचालन गरिने छ।

'फलफुल खाऔं स्वथ्य रहौं' भन्ने नारा का साथ भौगोलीक अवस्था अनुसार आँप, मेवा, केरा, सुन्तला, खेतीको व्यवसायीक उत्पादनमा विशेष प्रोत्सहन सरकारले गर्ने भएको छ।

प्रांगकारिक खेतीका संभावित बस्तु र पहिचान, उत्पादन र बजारीकरणमा विशेष जोड दिई प्रत्येक स्थानिय तहमा प्रांगारिक पकेट क्षेत्र निर्माण गरिने कार्यक्रमको सुरुवात गरिने भएको छ।

अहिले सरकारले सुरुवात गरेको करार खेती कार्यक्रममा लाई परिमार्जन र विस्तार गरिने जनाएको छ। यस्तै वनमा बनमा कृषि वन प्रर्वद्धन कार्य क्रम सञ्चालन गरिने छ।

ग्रामिण क्षेत्रमा समुदायमा आधारित पशु प्रजन्नत केन्द्र स्थापना, पशु आहारा सुधारका लागि कार्यक्रम सञ्चलन गरिने भएको छ। यस्तै प्रदेश स्मार्ट मिट मार्ट र पशुबशाला स्थपान गरी खासगरी ग्रामिण क्षेत्रमा रोजगारीका कर्याक्रम सञ्चलन गर्ने भएको छ।

उत्पादिक कृषि जन्य बस्तु उत्पादत, सित भण्डारण, खाद्य गोदाम, निर्माण गर्न स्थानिय सहकारी र नीजि ग क्षेत्रसंगको सहकार्य अगाडी बढाईने भएको छ। धान, गहुँ, मकै लगायतका प्रमुख बालिको न्युनतम आधार मुल्य तोकी कृषि उत्पादन खरिदको सुनिश्चिता गरिने गर्ने सरकारले नीति तथा कार्यक्रममा समेटेको छ।

कृषि विमा कार्यक्रम सञ्चालन सबै कृषि जन्य उपजहरूमा लागू गर्नुको साथै स्मार्ट कृषि कार्यक्रम प्रत्येक पालिकामा विस्तार गर्ने नीति सरकारले लिएको छ।

कृषि सूचना प्रसार प्रसारको लागि कृषि क्याम्पसका विद्यार्थी तथा विज्ञ संग मिलेर काम गरिने छ।

कृषि तथा पशुपंक्षिको व्यवसायीकरणका लागि नीजि, सहकारी र स्थानिय तहको साझेदारीमा एक पालिका एक फल कार्यक्रम सञ्चालन गरिने छ। कृषि सहकारीहरूलाई सुलभ कार्ज कार्यक्रम सञ्चालन गरिने छ। सहकारी मार्फत कृषकहरूको क्षमता वृद्धि गरी बजारीकरणमा विशेष जोड दिईने छ। भुमिको बैज्ञानिक र आधुनिक व्यवस्था गरि गर्ने कार्यक्रम समेत समेटिएको छ। लुम्बिनी क्षेत्रफमा फलफुल खेती गरि हरियाली प्रर्वद्धनमा विशेष ध्यान दिईने छ। प्रत्येक जिल्लामा दुई वटा नमुना कृषि वन स्थापना गरी सञ्चालनमा ल्याउने सरकारले तयारी गरेको छ। ■

---

### सन्दर्भ १९ औ विश्व दुध दिवस

## दुध तथा दुग्ध पदार्थको महत्व तथा गुणस्तर बारे जानकारी



**डा. प्रदिप शर्मा पौडल**
बरिष्ठ पशू बिकास अधिकृत
भूमी व्यबस्था कृषि तथा सहकारी
मन्त्रालय बुटवल

मानिस लगायत सम्पूर्ण स्तनधारी पशुहरूको लागि शिशु आहाराको रूपमा दुधको व्यवस्था गरेको छ। दुधलाई वैज्ञानिकहरूले करिव करिव सम्पूर्ण खाद्य पदार्थ हो भनी पुष्टी समेत गरी सकेका छन्। भारतीय उप महादिपका विभिन्न समुदायहरूमा दुध तथा दुग्ध पदार्थको महत्वको वारेमा राम्रो ज्ञान रहेको पाईन्छ।

दुग्ध पदार्थमा दुध, दहि, ध्यू आदिलाई पवित्र र पन्चामृतको रूपमा सामाजिक र धार्मिक मान्यता दिईनू गाईलाई आमा र श्रीलक्ष्मीको रूपमा गौरवमय स्थान दिईनु, दहि साईतको सगुनको रूपमा अपनाउनु हिन्दु संस्कृतिको आफ्नै परम्परा रही आएको छ। यस प्रदेशको दुध उत्पादनको अवस्था लाई मनन गर्ने हो भने प्रदेशको दुध उत्पादनले राष्ट्रिय दुध उत्पादनको करिब १७.५ हिस्सा ओगटेको छ।

(विस्तृतमा २ पृष्ठमा )

लुम्बिनी सिड
हाईब्रीडविउ उत्पादन तर्फ





उच्च गुणस्तरीय (हाइब्रीड) हरेक प्रकारका खाद्यान्न, तरकारी तथा अन्य बीउबीजनका लागि हामीलाई सम्झनुहोस्।

अध्यक्ष
सुवासराज उपाध्याय
(कृषि विशेषज्ञ)
लुम्बिनी सिड कम्पनी प्रा.लि.
फोन ९८४७०३८५९४, ०७१-५२४४५५
सिद्धार्थनगर, रूपन्देही नेपाल।

माछाका पारखीहरूको लागि.....













प्रो. गौरव गौतम
छपिया फिस भिलेज
सियारी-४, रूपन्देही (छपिया, शिवपुर)
मो. नं. ९८४७२७८८४४, ९८५७०२३५०३
हामी कहाँ ताजा माछाका परिकार पाउनुको साथै फिसीङ्ग, बोटिङ्ग र खाना बस्नको राम्रो व्यवस्था छ।

कृषि पत्रकार समाज नेपाल
प्रदेश नं. ५ र जिल्ला शाखा रूपन्देहीद्वारा प्रकाशित
कृषि पत्र पाक्षिक कृषि खबर बुलेटीन
का लागि

**सम्पादन मण्डल**

**संयोजकः** बसन्तराज बराल
**सह-संयोजकः** विकास पराजुली
**संवाददाताहरू :** बसन्त पौडेल, नविन घिमिरे, अनिता विश्वकर्मा, जीवराज चालिसे, सुशिला रेग्मी, खगेन्द्र दाहाल, रेनुका गिरी

**सल्लाहकारहरुः**
यमलाल भुषाल
विश्वास ढकाल
भगवती पाण्डे
मनोरञ्जन शर्मा
त्रिलोचन दाहाल

**प्रदेश ५ कार्यसमिति**
अध्यक्षः कृष्ण प्रसाद खनाल (कृषि प्राविधिक)
उपाध्यक्षः खगेन्द्र दाहाल
उपाध्यक्षः मिना पाण्डे (अस्मिना )
सचिवः दिपक आचार्य
सह-सचिवः विकास पराजुली
कोषाध्यक्षः बसन्तराज बराल
सह-कोषाध्यक्षः भुवन पाण्डे
सदस्यहरूः अनिता विश्वकर्मा, बसन्त पौडेल, शुसिला रेग्मी, अर्जुन भुषाल, शुसिल नेपाल

**जिल्ला कार्यसमिति रूपन्देही**
अध्यक्षः कृष्ण प्रसाद खनाल (कृषि प्राविधिक)
उपाध्यक्ष द्वयः भुवन पाण्डे र रेनुका गिरी
सचिवः विकास पराजुली
सह-सचिवः मिना पाण्डे (अस्मीना)
कोषाध्यक्षः बसन्तराज बराल
सदस्यहरूः झविन्द्र देवकोटा, मिना पौडेल, नविन घिमिरे, कपिल ज्ञवाली, गणेश बेल्बासे, दिनेश कुमार श्रेष्ठ, कपिल अधिकारी, आचार्य प्रदिप, हिक्मत चौधरी।

**ठेगानाः**
बुटवल-६ रूपन्देही नेपाल
फोन नम्बरः ९८४७००७६३५, ९८५७०५२२३२, ९८५७०३२८२७
इमेल : krishipatra@gmail.com
वेब : www.krishipatra.com

**मुद्रणः**
सिद्धबाबा प्रिन्टिङ्ग प्रेस प्रा.लि., बुटवल
**लेआउटः**
दर्लममहाकाली मिडिया बुटवल

# सम्पादकीय

## कृषिलाई किन हेला ?

नेपाल कृषि प्रधान देश हो । यो सबैलाई थाहा छ । तर जे जतीमात्रा कृषिका विषयमा भाषणबाजी हुन्छन्, सोही प्रकृति अनुसारको कृषिका विकास हुनसकेको छैन । यसको पछाडीको कारण के हो? किन यस्तोभन्ने विषयमा सरोकारवाला निकायकोध्यान जानसकेको छैन ।

पछिल्लो समयमा लोक सेवा आयोगबाट खोलीएको स्थानियतह को विज्ञापनमा एक जना पनि कृषि प्राविधिक माग नहुनु,अर्को तर्फ गाउँगाउँमा कृषिप्राविधिकहरूको अभावहुनले सरकारको द्वैध चरित्रलाई पुन प्रष्ट पारेको छ ।

गाउँ गाउँमा कृषिप्राविविधिकहरूको अभाव छ । यो सबैलाई थाहा भएकैविषय हो ।तर पनि सरकारले कृषि प्राविधिक भर्ना गर्नमा किन चासो दिएन, महिला विकास अधिकृत, महिलाविकास निरिक्षक समेत प्राविधिक पद भएको भन्दै खोलीएको लोक सेवा विज्ञापनमा कृषिको कुनै पनि विज्ञापन नखोलिनु साच्चै कृषिका विकास होला त भन्ने विषयमा यक्ष प्रश्न खाडा भएको ।

अहिले पनि एउटा गाउँमाएक जना मात्रै कारारको नायव प्राविधिक सहायक(नाप्रास)ले सिंगो पालिकामा सेवा पुऱ्याईरहेका छन् । भने पशु तर्फ पनिसोही कथा बाँकी छन् । गाउँमा किसानले चाहेको बेला प्राविधिक पाउन मुस्कील छ भने अर्को तर्फ नीजि भेटनरीका प्राविधिकहरूले मनलाग्दो मुल्य निर्धारण गरेर किसानलाई लुटीरहेका छन् ।

कृषिको विकास लागि सरकारले जे जती मात्रामा कुरा गरेको छन्, सोही अनुसारको व्यवहारमा उपलब्धी शुन्य नै छ भन्न अफ्ठारो लाग्दैन ।

कारण किसानको सेवा गर्ने भनेको गाउँका नै प्राविधिहरूले हो । तर प्राविधिक विहिन गाउँबाट कसरी कृषिको विकास हुन सक्छ ?यसमा समयमा नै ध्यान जानु जरुरी छ । पहिलो प्रथमिकता कृषि लाई दिइएको भाषणा गर्ने स्थानिय तहका प्रमुख तथा उप प्रमुखहरूले लोक सेवा मार्फत कर्मचारी माग्दा किन कृषि र पशुमा एकजना पनि कर्मचारी मागेनन्, यो विषय सोँचनिय विषय बनेको छ ।

अतः कृषि क्षेत्रमा नै निर्भर रहेको हाम्रो देश कृषि बाट नै कायपलट गर्ने हो भने कृषि क्षेत्रमा दक्ष प्राविधिक र सुविधा सम्पन्न प्रयोगशाला सहितकिसानमा जनचेतानको फैलाउनु जरुरी छ, यस तर्फ सरकारको समयमा नै ध्यान जाओस ।

सन्दर्भ १९ औ विश्व दुध दिवस

# दुध तथा दुग्ध पदार्थको महत्व तथा गुणस्तरबारे जानकारी



**डा. प्रदिप शर्मा पौडल**
बरिष्ठ पशू बिकास अधिकृत
भूमी व्यबस्था कृषि तथा सहकारी मन्त्रालय
बुटवल

मानिस लगायत सम्पूर्ण स्तनधारी पशुहरूको लागि शिशु आहाराको रूपमा दुधको व्यवस्था गरेको छ। दुधलाई वैज्ञानिकहरूले करिव करिव सम्पूर्ण खाद्य पदार्थ हो भनी पुष्टी समेत गरी सकेका छन्। भारतीय उप महादिपका विभिन्न समुदायहरूमा दुध तथा दुग्ध पदार्थको महत्वको वारेमा राम्रो ज्ञान रहेको पाईन्छ।

दुग्ध पदार्थमा दुध, दहि, ध्यू आदिलाई पवित्र र पन्चामृतको रूपमा सामाजिक र धार्मिक दुध भाण्डारण आदिको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

माथि उल्लेखित कुनै एउटा मात्रै पनि दुषित वातावरण भित्र परेमा दुधको गुणस्तर विग्रन जान्छ त्यसैले हाम्रा कृषक दाज्यू, भाई दिदि बहिनीहरूले पनि स्वस्थ्यकर दुध उत्पादनमा ध्यान दिनु आजको आवश्यकता हो भने स्वस्थ्यकर र स्वच्छ दुध सेवन गर्न पाउनु पनि उपभोक्ताको अधिकार हो।

नेपाल कृषि प्रधान देश भएको र पशु पालन व्यवसाय आकर्षित हुंदै गई रहेको परिपेक्षमा पशु उत्पादन वृद्धि गर्ने तर्फ पहल हुंदै गई रहेको छ।

पशुपालन व्यवसायलाई नभई नहुने चरनको सुरक्षा गर्नु, चरनलाई बैज्ञानिक तरिकाबाट सुधार गरिनु र उन्नत घांसपातको विऊ विजन प्रयोग गरी उत्पादनमा वृद्धि गर्नु एवं दाना खुवाएर दुध उत्पादन लिनु महंगो हुने हुंदा घांसपातमा आधारित पशु पालन प्रविधि अपनाएमा उत्पादन लागत कम हुन गै उत्पादित दुधको सहज आपूर्ति र नाफामुखी हुने हुन्छ भने त्यसको प्रभाब पशु स्वास्थ्यमा पनि सकरात्मक हूनगै पशू स्वस्थ रहन्छ।

हालको वैज्ञानिक क्षेत्रमा जीव प्रविधी ( Boiling test)

यस प्रविधिमा छ एम. एल. देखि ० एम एल दुध तताउंदा दुध फाट्छ वा फाट्दैन भनि हेरिन्छ। यसमा माथि उल्लेखित दुधलाई टेष्ट्यूवमा राखी तातो पानीमा छ मिनेट सम्म तताउने र दुधको गुणस्तर परिक्षण गर्ने यि दुई तरिका सजिलैसंग गर्न सकिन्छ भने यस बाहेक अरू तरिकाको लागि केही रसायन र साधनहरूको जरुरत पर्दछ ति परिक्षणहरू यस प्रकार छन्।

**७) अल्कोहल परीक्षण :**

इथाइल अल्कोहल (टडछ)को ␣ द्द एम. एल. एउटा टेष्ट्यूवमा राख्ने र बराबर मात्रामा दुध राखी मिसाउने र सयौं पटक तल माथि गरी हल्लाउने र दुध फाट्छ कि फाट्दैन हेर्ने।

*फ्रिजीङ प्वाईन्ट परीक्षण (freezing point test)

पानी ० डिग्री सेल्सीयस वा घद्द डीग्रीफरेहाईडमा जम्छ भने दुध (०.५४५ डिग्री सेल्सीयस वा ३१ डिग्री फरेन्हाईडमा जम्छ।

**९. सेडिमेन्ट (थिग्राउने) विधि परिक्षण**

क) फ्याट टेष्ट
ख) व्रोमोथाईमोल विल्यू टेष्ट



मान्यता दिईनू गाईलाई आमा र श्रीलक्ष्मीको रूपमा गौरवमय स्थान दिईनु, दहि साईतको सगुनको रूपमा अपनाउनु हिन्दु संस्कृतिको आफ्नै परम्परा रही आएको छ। यस प्रदेशको दुध उत्पादनको अवस्था लाई मनन गर्ने हो भने प्रदेशको दुध उत्पादनले राष्ट्रिय दुध उत्पादनको करिब १७.५ हिस्सा ओगटेको छ।

विश्व खाद्य संगठले सिवश्वका सबै मुलुकलाई मिल्ने गरी फष्ट जुन लाई विव दुध दिवस मनाउन सन् २००० बाट सुरु गरेको थियो। यसैलाई निरन्तरता दिदै यस बर्ष पनि विश्व दुध दिवस हामी मनाउन गैरहेका छौ। यस बर्षको नारा छ 'प्रसोधित दुध पिऔं, स्वथ्य र सुखी रहौं। (procesd milk fro good helth and happiness )

देशको कुल ग्रार्हस्थ उत्पादनमा ११ प्रतिशत र कुल कृषि गार्हस्थ उत्पादनमा २६.८५ योगदान पशुपालन बाट भएको परिप्रेक्ष्यमा प्रदेश नं ५ को कूल दुध उत्पादन ३ लाख १ ७ हजार ३३३ मे.ट. रहेकोमा गाईको दुध ८६ हजार ८०८ मे.ट. तथा भैंसीको दुध २ लाख ३० हजार ५२५ मे.टन छ। (CBS, 2017) तथा बिश्व स्वास्थ्य सँगठनका अनुसार प्रति व्यक्ति प्रति बर्ष ९१ लि दुध सेवन गर्नुपर्नेमा ७३ लि प्रति व्यक्ति प्रति बर्ष रहेको छ।

दुधको गुणस्तर कायम गरेर यसमा भएको भिटामिन खनिज पदार्थ, प्रोटिन आदि गुण विग्रन नदिई त्यसबाट बढी प्रतिफल लिनु व्यवसायिक व्यक्तिहरूको लागि आवश्यक छ भने उपभोक्ताहरूले गुणस्तर युक्त दुध सेवन गर्न पाउनु पर्छ।

यस कार्यको लागि दुधको लागि पालिने पशुको गोठ, स्वास्थ्य तथा आहारा व्यवस्थापन, दुध दुहुने तरिका स्वस्थ्य मानिस, सफा भाँडाँकुंडाँ, Biotecnology ) ले हरेक क्षेत्रको साथसाथै पशु पालन र पशु चिकित्साका क्षेत्रहरूमा पनि अनेक संभावनाहरूको ढोका खोलि दिए पछि यस्ता उपलव्धी मूलक प्रविधिहरूलाई प्रयोगमा ल्याई पशुपालन व्यवसायबाट उत्पादित दुधजन्य पदार्थहरूको अन्तराष्ट्रिय मापदण्ड अनुसार प्रशोधन गरी मुल्यसृडखलामा आधारित भई बढी भन्दा बढी मुनाफा लिनु आजको आवश्यकता भै सकेको छ। त्यसैले स्वच्छ दुध उत्पादनमा निम्न कुरामा पशुपालक कृषकहरूले ध्यान दिनु जरुरी छ।

१. दुधालु पशु स्वस्थ्य र सफा हुनु पर्दछ।
२. दुध दुहुने मानिस पनि सफा हुनु पर्छ। दुध दुहुनु अगाडि आफ्नो हातलाई सावुन पानीले धुने कल्चौंडो राम्ररी सफा गर्ने र व्यक्तिगत सरसफाईमा ध्यान दिनु पर्छ।
३. दुध दुहुने भांडा तथा गोठ सफा सुग्घर हुनु पर्छ।
४. दुध दुहि सकेपछि उचित भडारणको व्यवस्था गर्नु पर्छ। यदि भण्डारण व्यवस्था नराम्रो भयो भने दुधको गुणस्तर विग्रन सक्छ र मानव खाद्यको लागि अयोग्य हुन्छ। दुधको स्वच्छता परिक्षण गर्ने केही सरल विधिहरू छन् ति मध्ये केहीको तल विवेचना गरिन्छ।
५. इन्द्रीय परिक्षण (Orgnoleptic test)
यस परिक्षणमा कुनै उपकरणको जरुरत हुंदैन, आंखाले दुधलाई हेर्ने र दुधको रंगलाई छुट्याउने, नाकले मिठो र नमिठो गन्ध छुट् याउने, जिव्रोले दुधको स्वाद लिने गर्दा दुधमा केही मिसावट भएको वा गुणस्तरमा कमि आएको कुरा सहजै अनुमान गर्न सकिन्छ।
६. दुध उमाल्ने र जमे नजमेको हेर्ने (Clot and

ग) दुधको अम्लीय टेष्ट
घ) मिथाईल विल्यू रिडक्सन टेष्ट आदि धेरै परिक्षण गरिन्छ। यस मध्ये भौतिक परिक्षणहरू कृषक स्तरबाट गर्न सकिने हुंदा अन्य केमिकल तथा व्याक्टेरियोलोजिकल परिक्षण प्रयोगशालाको सहायता लिनु पर्ने हुन्छ। यस कार्यको लागि भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्पर्क गरी परिक्षण गराउन सकिन्छ।

**दुधबाट सर्ने रोगहरू र जनस्वास्थ्यमा यसको असर :**

दुधलाई राम्ररी नउमालिकन वा कच्चा दुधको सेवन गरेमा रोगी पशु बाट उत्पादित दुध भएमा मानिसलाई विभिन्न प्रकारका रोगहरू लाग्दछन्। त्यस्ता रोगबाट बच्न गोठ देखि औठ सम्म सफा र स्वच्छ भन्ने मुल मन्त्र अनुसार कृषक स्तरबाट नै सफा दुध उत्पादन देखि प्रशोधनको समय सम्म र उपभोक्ताले खाने बेला सम्म सबै तहमा सुरक्षित तरिका अपनाउनु पर्छ नत्र भने टि.वि.(क्षयरोग) व्रुसोलोसिस पखला, टाईफाईड, घाँटी दुख्ने आदि जस्ता रोगहरू लाग्न सक्दछन्।

यसबाट जन स्वास्थ्यमा नराम्रो असर पर्न गई आर्थिक नोक्सानी हुन जान्छ। त्यसैले माहामारी रोगबाट बच्न प्रशोधित दुधको सेवन गर्ने, गाऊं३रमा दुधलाई राम्ररी उमालेर मात्र सेवन गर्ने र स्वस्थ्य पशुपालन अंगाल्ने गरेमा व्यवसायिकरण हुंदै गई आर्थिक अवस्थामा सुधार हुने र दीर्घजीवन पाईने कुरामा दुईमत हुन नसक्ला।

यस कार्यको लागि भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं ५ को निति निर्देशनमा मातहतका कार्यालयले आफनो नियमित कार्यक्रम कृषकहरूको घर दैलोमा पुरयाई रहेको छ।■

# सहकारी 'मिनी बैंक' होईन, नाफा होईन, सेवामुखि बन्नुहोस् : मुख्यमन्त्री पोखरेल




**कृषि पत्र संवाददाता**
बुटवल, जेठ ।

पाँच नम्बर प्रदेशका मुख्य मन्त्री शंकर पोखरेलले सहकारीहरू जनतामुखी भन्दा पनि व्यापार मुखि भएको बताएका छन् । उनले जनताको जीवनस्तर माथि उठाउनको सट्टा सहकारीहरूले 'मिनी बैंक' जस्तो व्यापार गरेको आरोप लगाए ।

भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश ५ को आयोजना र प्रदेश सकारी संघको व्यवसथापनमा बुटवलमा भएको 'समृद्ध प्रदेश निर्माणकालागि व्यवसायीक गोष्ठी'को उद्घाटन गर्दै मुख्य मन्त्री पोखरेलले सिमान्तकृत समुदायको जिवन स्तर माथि उठाउने तर्फ सहकारीहरू केन्द्रीत हुनुपर्ने बताएका हुन ।

' दिगो विकास लक्ष्यका लागि सहकारी 'भन्ने मुल नाराका साथ भएको गोष्ठीमा बोल्दै मुख्य मन्त्री पोखरेलले जनताको जीवनस्तर उकास्ने योजना सहकारीहरूको हुनुपर्नेमा व्यापारीहरूको लागि मात्रै सहकारी फलदायी हुनु विडम्बनाको विषय भएको बताए । उनले सहकारीता सौँचबाट सहकारीहरू अगाडी बद्नुको विकल्प नभएको भन्दै कृषिलाई परम्परागत ढंगबाट आधुनिकीकरण तर्फ डोहोऱ्याउने काम सहकारीले गर्नुपर्ने बताएका हुन ।

मुख्य मन्त्री पोखरेल ले सहकारीहरूको काम भनेको स्थानिय आर्थिक स्थिति न्युन भएका व्याक्तिहरूको जीवन स्थर माथि उठाउनुपर्ने भएको भन्दै यसलाई व्यापारिकरण नगर्नको लागि आग्रह समेत गरे । उनले भने-'वचत तथा ऋणको नाममा सहकारीहरूले मिनि बैंक जस्तै चर्को व्याज अशुल्ने, व्यापरिकरण गर्ने कार्यमा लागेका छनू, जुन कार्य गलत हो ।'

सहकारीहरूलाई स्थानियतह संग जोडेर विकास गर्नुको विकल्प नभएको मुख्य मन्त्री पोखरेलको भनाई रहेको छ । उनले कृषिलाई आधुनीकरणगर्नको लागि सहकारीहरूको मुख्य भुमिका रहेको भन्दै तर यसमा सोचेजस्तो गरी विकास नभएको धारणा राखे ।

मन्त्री पोखरेलले सहकारीको मा नेतृत्व मुखि भन्दा पनि उत्पादन मुखि, वित्तीय सहभागीतामा बढि भन्दा बढि जोड दिनुपर्नेमा बताए । जनताको जीवन स्थिर माथि उठाउने कार्यमा सरकारले कार्य निरन्तर गरेको भन्दै यसमा सबैको साथ र सहयोग आवश्यक रहेको बताए ।

कार्यक्रममा केन्द्रीय सहकारी महासंघका अध्यक्ष तथा नेपाल सरकारका पुर्व मन्त्री केशव बडालले सहकारीहरूले नेपालमा गरेको कार्य उत्कृष्ठ रहेको बताए । उनले सबैको साथ र सहयोग प्राप्त भएमा अझै धेरै कार्य गर्न सक्ने धारणा राखे ।

५ नम्बर प्रदेश भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री आरती पौडेलले प्रदेश सरकारले केही नमुना कार्यको सुरुवात गरेको बताईन् । उनले सहकारी क्षेत्रलाई नै अगाडी बढाउने गरी प्रदेश सरकारले सहकारी बजार देखि लिएर सहकारी खेतीलाई विशेष महत्व दिएको समेत बताईन् ।

कार्यक्रममा सहकारी विज्ञ डा. खगराज शर्मा, राष्ट्रिय सहकारी संघका अध्यक्ष केशव बडाल, नेपाल सरकार सहकारी तथा गरिवी मन्त्रालयका सचिव गोपीनाथ मैनालीले कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा प्रदेश ५ का विभिन्न जिल्लाबाट सहकारी कर्मीहरू, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, प्रदेश सभा सदस्यहरूको सहभागीता रहेको थियो । ■

# खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्धि हुने

**कृषि पत्र संवाददाता**
बुटवल, जेठ ।

आर्थिक वर्ष २०७५,०७६ मा खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्धि हुने आर्थिका सर्वेक्षणले देखाएको छ ।

खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व क्रमश ६.२ र ७.१ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

उत्पादकत्व वृद्धि, रासायनिक मलको सहज आपूर्ति, मौसम अनुकुलता लगायत खेतीका लागि उपयुक्त वातावरणले खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्धि हुने अनुमान लगाइको सर्वेक्षणले औँल्याएको छ ।

कुल खेती योग्य जमिनको ८० प्रतिशत भन्दा बढी क्षेत्रफलमा लगाइने धान बालीको क्षेत्रफल आव २०७४,०७५ को तुलनामा आव २०७५,०७६ मा १.५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

रासायनिक मलको सहज आपूर्ति, मौसमी अनुकुलता एवम्र नयाँ प्रविधिको विकास तथा प्रसारका कारण यस अवधिमा धानको उत्पादन र उत्पदकत्वमा क्रमशः ८.९ र ७.३ प्रतिशतले वृद्धि हुने भएको छ ।

मकै बालीको क्षेत्रफल आव वर्ष ०७४,०७५ को तुलनामा १.३ प्रतिशतले घटेर चालु आव ०७५,०७६ मा ९ लाख ४२ हजार ७९ हेक्टर कायम भएको छ । सो अवधिमा उत्पादन र उत्पादकत्व भने क्रमशः ३.५ र ४.८ प्रतिशतले बढेको छ ।

करिब ९० प्रतिशत भन्दा बढी मकै बाली लगाइएकोले उन्नत विउविजनको प्रयोग भई बिउविजन प्रतिस्थापन दर १३.५ प्रतिशतबाट वृद्धि भई १५.३ प्रतिशत पुगेकोले उत्पादन तथा ऊत्पादकत्वमा वृद्धि हुने भएको हो ।

यस अवधिमा उन्नत बिउविजनको प्रयोग भई बिउविजन प्रतिस्थापन दर १४ प्रतिशतबाट बढेर १५.१ प्रतिशत पुगेकोले उत्पादन तथा उत्पादकत्वमा क्रमशः ४.५ र ७.६ प्रतिशत वृद्धि भई २० लाख ३६ हजार ७ सय ६ मेट्रिक टन गहुँ उत्पादन हुने अनुमान गरिएको छ ।

कोदो बालीमा आव ०७५,०७६ मा अघिल्लो आवको तुलनामा उत्पादकत्व २.२ प्रतिशतले वृद्धि भई ३ लाख ५ सय ८५ मेट्रिक टन उत्पादन हुने अनुमान गरिएको छ ।

आर्थिक वर्ष ०७५,०७६ मा ९ हजार ८ सय ८३ मेट्रिक टन फापर बाली उत्पादन हुने अनुमान गरिएको छ । यस अवधिमा फापर बालीको उत्पादकत्व भने १.२ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

जौँ बालीको उत्पादकत्व ३.३ प्रतिशतले वृद्धि भई प्रतिहेक्टर १.१ मेट्रिक टन जौ उत्पादन हुने अनुमान गरिएको छ ।

नेपाल सरकारले कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि, भण्डारणको व्यवस्था र प्रशोधन तथा वितरण प्रणालीलाई प्रभावकारी बनाउँदै सन् २०३५ सम्ममा खाद्यान्नमा आत्मनिर्भर बनाउने लक्ष्य लिएको छ ।

प्रदेश सरकार
प्रदेश नं. ५
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
रुपन्देही नेपाल

प.सं.:- २०७५/७६

**स्वीकृत अनुदानग्राहीको विवरणको सूचना ।**
**सूचना प्रकाशन मिति २०७६/०२/०५**

यस निर्देशनालयको आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रम अनुसार मिति २०७५/१२/१९ गतेका दिन प्रकाशित सूचना अनुसार मिति २०७६/०२/०५ गतेका दिन वसेको अनुदान व्यवस्थापन समितिको निर्णय अनुसार तपशिलका कार्यक्रमहरु संचालनकोलागी निम्नानुसारका अनुदानग्राहीहरुको छनौट गरिएको छ । स्वीकृत भएका अनुदानग्राहीहरुको सम्वन्धमा तपिशलका कारणहरुवाट स्वीकृत हुन नपर्ने देखिएमा सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस निर्देशनालयको dolfdp5@gmail.com मा वा मातहतका कार्यालयहरुमा लिखित रुपमा कारण सहित उजुरी निवेदन पेशगर्नुहुन अनुरोध छ । उजुरी परेकोहरुको उजुरीउपरको छानविन पछि र नपरेकाको हकमा आठौ दिन देखि सम्झौता गरी कार्यान्वयन प्रक्रिया अघि वढाइने व्यहोरा सम्वन्धित सवैमा अनुरोध छ ।

तपशिल
१. यस अघि सोही विषयमा कुनै पनि निकायवाट विगत दुई वर्ष भित्र दुइ लाख वा सो भन्दा वढि अनुदान प्राप्त गरेको भएमा ।
२. यस अघि प्राप्त गरेको अनुदानको दुरुपयोग गरेको भएमा ।
३. अन्य केही विशेष कारण भएमा ।

१ उत्पादन (दुध) प्रवर्द्धनमा आधारित किसान सहयोग कार्यक्रम प्रति लिटर दुध रु १.९२ मात्र

| सि.नं. | फर्म संस्थाको नाम | ठेगाना | दुध लिटरमा |
|---|---|---|---|
| १ | भुमही दुग्ध उत्पादक सहकारी संस्था लि. | सुनवल न.पा. १२, नवलपरासी | ६५२२३२ |
| २ | भगवती दुध उत्पादक सहकारी सस्था लि. | वढैयाताल गा.पा. ७, वर्दिया | ११३४२७० |
| ३ | पुष्पाञ्जली महिला दुध उत्पादक सहकारी संस्था लि. | वर्दघाँट न.पा. १२, नवलपरासी | ६१०२५४ |
| ४ | शान्तिनगर दुध उत्पादक सहकारी संस्था लि. | देवदह न.पा. ७, रुपन्देही | ३९२९९५ |
| ५ | जनकल्याण दुग्ध उत्पादक सहकारी सस्था लि. | वर्दघाँट न.पा. १३, नवलपरासी | २०७१८८ |
| ६ | चन्द्रोदय वहुउदेश्यीय सहकारी सस्था लि. | वर्दघाँट न.पा. १४, नवलपरासी | ११०३१४४ |
| ७ | पञ्चामित दुग्ध उत्पादक सहकारी संस्था लि. | तिलोत्तमा न.पा. ६, रुपन्देही | ४६७४११ |
| ८ | मिश्रौली कृषि सहकारी संस्था लि. | सुनवल न.पा. ११, नवलपरासी | २४५७८७ |
| ९ | गोकुल दुग्ध उत्पादक सहकारी सस्था लि. | तिलोत्तमा न.पा. १५, रुपन्देही | ५७०९४२ |
| १० | तिनधारा दुग्ध उत्पादक सहकारी सस्था लि. | सैनामैना न.पा. १०, रुपन्देही | ३३५२६३ |
| ११ | सानाकिसान कृषि सहकारी संस्था लि. | वुटवल उ.म.न.पा. १५, रुपन्देहि | ६९८१२० |
| १२ | कस्तुरी दुग्ध उत्पादक सहकारी संस्था लि. | तिलोत्तमा न.पा. ८, रुपन्देही | २०९३८३ |
| १३ | वाटिका कृषि सहकारी सस्था लि. | सुस्ता १, नवलपरासी | २३५५८० |
| १४ | मलावरदेवी दुग्ध उत्पादक सहकारी संस्था लि. | कञ्चन गा.पा. ३, रुपन्देही | २७४८८४ |
| १५ | टिकुलीगढ दुग्ध उत्पादक तथा वहुउदेश्यीय स. सं. लि. | तिलोत्तमा न.पा. १३, रुपन्देही | ५७३७१४ |
| १६ | विहानी सामाविक उद्यमी महिला सहकारी संस्था लि. | वाणगंगा न.पा. ५, कपिलवस्तु | २०९६२४ |
| १७ | शुद्ध गोरश दुग्ध उत्पादक सहकारी संस्था लि. | नेपालगञ्ज उ.म.न.पा. २६, वाँके | ३६०००० |
| १८ | जनता दुग्ध उत्पादक सहकारी संस्था लि. | खजुरा गा.पा. ३, वाँके | ५२२००० |
| १९ | सानाकिसान कृषि सहकारी संस्था लि. | वासगढी न.पा. ८, वर्दिया | ३७७५९४ |
| २० | वाल्मीकि वहुउदेश्यीय सहकारी संस्था लि. | वर्दघाट न.पा. ७, नवलपरासी | २२५५७४ |
| २१ | नव ज्योति महिला साना किसान सहकारी संस्था लि. | वढैयाताल गा.पा. २, वर्दिया | ३४२००० |
| २२ | सालझण्डी दुग्ध उत्पादक सहकारी संस्था लि. | सैनामैना न.पा. १०, रुपन्देही | १००८५८१ |
| २३ | चिनारी दुग्ध उत्पादक सहकारी संस्था लि. | तानसेन न.पा. १२, पाल्पा | १६८००१ |
| २४ | शंकरनगर दुग्ध उत्पादक सहकारी संस्था लि. | तिलोत्तमा न. पा. १, रुपन्देही | २००१७९ |
| २५ | सिद्धार्थ दुग्ध उत्पादक सहकारी संस्था लि. | तिलोत्तमा न. पा. १, रुपन्देही | २०२१६७ |
| २६ | डुम्रे दुग्ध उत्पादक सहकारी संस्था लि. | तिनाउ गा.पा. ६, पाल्पा | ८८०५१३ |

फोन नं. ०७१४३८५९६, dolfdp5@gmail.com

युगल किशोर तिवारी
निमित्त निर्देशक

# तिलोत्तमाले बनायो भू-उपयोग मापदण्ड




तिलोत्तमा, जेठ

रूपन्देहीको तिलोत्तमा नगरपालिकाले कृषियोग्य र आवासीय क्षेत्र निर्धारण गरी भु-उपयोग मापदण्ड-२०७६ जारी गरेको छ। कृषि, वन, नापी, तथा सरोकारवालाहरूको प्रतिनिधित्व रहेको जग्गा उपयोगिता विश्लेषण प्राविधिक समितिको सिफारिसको आधारमा नगर कार्यपालिकाले भू-उपयोग मापदण्ड जारी गरेको हो।

संघीय सरकारले कित्ताकाटका लागि कृषियोग्य जग्गा यकिन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएअनुसार मापदण्ड तयार गरिएको समिति संयोजक गणेश न्यौपानेले जानकारी दिनुभयो। संघीय सरकारको निर्देशनअनुसार स्थानीय तहले कृषियोग्य जग्गा नभएको जनाए मात्र जग्गा विकासका लागि कित्ताकाँट गर्न सकिने व्यवस्था छ।

अंशबण्डाबाहेक अन्य अवस्थामा एक आर्थिक वर्षमा कृषियोग्य जग्गा एकपटक मात्र कित्ताकाँट गर्न पाइने प्रावधान छ। २०७४ साउन २६ गतेबाट रोकिएको खेतीयोग्य जग्गाको कित्ताकाँट २०७५ पुस २७ गते 'स्थानीय तहले खेतीयोग्य जग्गा होइन भनेर सिफारिस गरेपछि' भन्ने सर्त राखेर खुला गरिएको थियो।

विकास गर्न सकिने जग्गा भन्नाले फिल्डबुकमा अबल, दोयम, सिम वा चाहर भनेर तोकिएको भए पनि स्थानीय तहले 'कृषियोग्य जग्गा होइन भनि सिफारिस गरेका' जग्गा समेतलाई जनाउँछ। सबै स्थानीय तहलाई निर्धारित मापदण्ड र मौजुदा भू-उपयोग अवस्थालाई मध्यनजर गरि जग्गालाई कृषि र गैरकृषि भनेर वर्गिकरण गर्न भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले निर्देशन दिएको थियो।

सोही निर्देशनअनुसार तिलोत्तमा नगरपालिकाले मुख्य सडकको क्षेत्राधिकार निर्धारण गरेर त्यस आसपासलाई आवासीय र बाहिरको जग्गालाई कृषियोग्यको रूपमा तोकेको हो। 'सम्बन्धित वडाका जनप्रतिनिधिहरूको सुझाव तथा सरोकारवालासँग समेतको छलफलको आधारमा मापदण्ड निर्धारण गरिएको हो।' संयोजक न्यौपानेले भन्नुभयो।

मापदण्डमा नगरभित्रका मुख्य १३३ वटा सडक निर्धारण गरिएको छ। ती सडकको चौडाइ तथा बस्ती विकासको अवस्थाअनुसार १२ सयदेखि ३ सय मिटर आसपासको क्षेत्रलाई आवासीय क्षेत्रको रूपमा उल्लेख गरिएको छ। नगरपालिकाले यसपूर्व लागु गरिएको जग्गा विकास तथा प्लटिङ्ग सम्बन्धी मापदण्ड-२०७४ खारेज गरि भु-उपयोग मापदण्ड-२०७६ जारी गरेको हो। मापदण्डमा जग्गा विकास सम्बन्धी पुराना व्यवस्थालाई यथावत् राखिएको छ।

तिलोत्तमा तीव्र सहरीकरण भैरहेको नगरपालिका रहेकाले यहाँ दैनिक सरदर चार वटा नयाँ घर थपिने गरेका छन्। नगरपालिकाले व्यवस्थित बस्ती बसाउन दुई वर्षअघि नै जग्गा विकास तथा प्लटिङ्ग सम्बन्धी मापदण्ड जारी गरेको थियो। मापदण्डअनुसार नगरपालिकाको पूर्वस्वीकृतविना जग्गा विकासको काम गर्न पाइँदैन।■

# लाईभस्टक सेक्टर ईनोभेसन आयोजनाको अभिमुखिकरण



बुटवल, जेठ

नेपाल सरकार कृषि तथा पशुपंक्षि विकास मन्त्रालय, नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजनाको आयोजानमा पशुपालन व्यवसायीकरण, दुध र माछा उत्पादन एवम् उत्पादकत्व वृद्धि तथा बजारीकरणका लागि आयोजनाबाट सञ्चालन हुने कार्यक्रम सम्बन्धी एक दिने अभिमुखिकरण कार्यक्रम बुटवलमा भएको छ।

अभिमुखीकरण कार्यक्रममा परियोजनाका प्रमुख डा. डिल्लराम सेडाईले वि.स. २०७४ माघ ७ गते बाट सुरु भएको परियोजनामा वि.स. २०८० असार १५ मा समाप्त हुने जानकारी दिए। उनका अनुसार आयोजानमा विश्व बैंकको कुल ८० मिलियन अमेरिकी डलर ऋण सहयोग सहित कुल १ सय १५ मिलियन अमेरिक डलरको लागि सहभागीतामा परियोजना अहिले जारी रहेको छ।

देशका २८ वटा जिल्लाका सम्पूर्ण पालिकाहरूमा सञ्चालन हुने आयोजनाको व्यवस्थापन कार्यालय काठमाण्डौ र बुटवल, हेटौडा, पोखरामा विकेन्द्रीकृत आयोजना सहयोग ईकाईहरू रहेका छन्।

आयोजना प्रमुख डा. शेडाईका अनुसार खसीबोकाको मासु, दग्ध र च्याङ्ग्रा पशिमिनाको मुल्या श्रंखला विकासमा कुल २० प्रतिशतकृषकको तर्फबाट , वित्तीय संस्थाहरूको तर्फबाट ऋण सहयोग ३० प्रतिशत र बाँकी अधिकतम १ करोड रूपैयाँ सम्म आयोजनाबाट अनुदान दिने व्यवस्था गरिएको छ।

बुटवलमा आयोजना गरिएको अभिमुखिकरण कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, जिल्ला संमन्वय समितिकाका प्रमुख तथा प्रतिनिधिहरू, स्थानिय तहका प्रमुख तथा प्रतिनिधिहरू, किसान तथा सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरूको सहभागीता रहेको थियो।

कार्यक्रममा प्रदेश ५ की भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री आरती पौडेल, जिल्ला संमन्वय समितिका प्रमुख एकराज विश्वकर्मा, बुटवल उपमानगरपालिकाका प्रमुख शिवराज सुवेदी लगायतले आ आफ्नो धारणा राखेका थिए। सोही कार्यक्रममा परियोजानबारे डा. पुरुषोत्तम त्रिपाठीले विस्तृत जानकारी गराएका थिए।

विकेन्द्रीकृत आयोजना सहयोग इकाई बुटवलका प्रमुख लोकराज भुषालले यहि आर्थिक मासन्त देखि किसानहरूबाट माग आह्वान गरिने र सोही अनुसार कार्य अगाडी बढ्ने जानकारी दिए।

# अनुदानमा टनेल वितरण



दाङ जेठ। दाङको तुलसीपुर उपमहानगरपालिकाले व्यवसायिक तरकारी खेती गर्ने किसानहरूलाई टनेल वितरण गरेको छ। बेमौसमी तरकारी खेती गर्नेहरूलाई लक्षित गरेर टनेल वितरण गरिएको कृषि शाखाका प्राविधिक सहायक कुलराज चौधरीले जानकारी दिए। उनले नमुना किसानलाई छनोट गरेर अनुदान दिइएको पनि जानकारी दिए।

कार्यक्रममा टनेल वितरण गर्दै नगरप्रमुख घनश्याम पाण्डेले सही सदुपयोग गरेर उत्पादन बढाउन आग्रह गरेका थिए। उनले राम्रो गर्ने किसानलाई थप अन्य अनुदान पनि दिइने जानकारी दिए। 'कृषिमा व्यवसायीकरण गरेर जीवनस्तर सुधार्नु आवश्यक छ', नगरप्रमुख पाण्डेले भने। उनका अनुसार पहिलो चरणमा १ सय किसानहरूलाई आवश्यकता अनुसार १ देखि ३ वटासम्म टनेल वितरण गरिएको छ।

प्राविधिक सहायक चौधरीका अनुसार किसानहरूलाई पचास प्रतिशत अनुदानमा टनेल वितरण गरिएको हो। 'एउटालाई ५ हजार ३ सय पर्दछ त्यसको पचास प्रतिशत कममा दिने गर्दछौं' उनले जानकारी दिए। तुलसीपुर उपमहानगरपालिका वडानम्वर १२ क्वाडी निवासी कालिचरण चौधरीले टनेललाई उपयोग गरेर उत्पादन बढाउने बताए।

उनले यो भन्दा अगाडि कतैबाट सहयोग नपाएकोमा भन्दै टनेल पाउँदा खुसी भएको जानकारी दिए। एउटा टनेल १२ मिटर लम्वाइ र ६ मिटर चौडाईको हुने गर्दछ। एउटा टनेलको ५ वर्षसम्म टिक्ने प्राविधिक सहायक चौधरीले भने। यसका साथै सिचाई सुविधा कम भएको ठाउँमा थोपा सिचाँई सुविधाका लागि पनि अनुदान दिन लागेको उनको भनाई थियो।

# जनताको कामसँगै तरकारी खेती गर्दै वडाध्यक्षहरू



दाङ, जेठ। स्वरोजगार बन्ने उद्देश्यका साथ दाङका वडाध्यक्षहरूले सामुहिक रूपमा तरकारी खेती सुरु गर्नुभएको छ। जिल्लाको घोराही उप-महानगरपालिका वडानम्वर-१७ का अध्यक्ष खुसीराम चौधरी, वडानम्वर-१३ का अध्यक्ष रविलाल घर्ती र वडानम्वर-७ का अध्यक्ष खोपीराम चौधरीले सामुहिक रूपमा तरकारी खेती गरेर जाँगर चलाएमा आफ्नै भूमिमा अर्थोपार्जन गर्न सकिन्छ भन्ने उदाहरण सुरु गर्नु भएको छ।

वडानम्वर-७ को घुम्नामा तीन विगाहा जग्गामा तरकारी खेती सुरु गरेको भन्दै वडाध्यक्ष खुसीराम चौधरीले आत्मनिर्भरताको बाटोमा लाग्नका लागि तरकारी खेतीमा लागेको बताउनुभयो। जनताको कामसँगै व्यवसायमा लागेको भन्दै अध्यक्ष खुसीरामले आफूहरूले तरकारी खेती सुरु गरेपछि व्यवसायीक तरकारी खेती गर्नेहरूको संख्या बढ्दै गएको बताउनुभयो। 'जनताको कामसँगै तरकारी खेती पनि गर्दै आइरहेका छौं। बेरोजगारी समस्या बढ्दै गएको समयमा रोजगारी आफ्नै घरआँगनमा छ भन्ने देखाउनु पनि हाम्रो उद्देश्य हो', वडाध्यक्ष खुसीरामले भन्नुभयो, 'हाम्रो सिको गर्दै व्यवसायीक तरकारी खेती गर्नेहरू बढ्दै जानुभएको छ।'

६ लाख रूपैयाको लागतमा तरकारी तरकारी खेती सुरु गरिएको भन्दै वडाध्यक्ष खोपीराम चौधरीले मासिक ६० हजार आम्दानी हुने गरेको बताउनुभयो। भिन्डी, करेला, काउली, बन्दा, टमाटरलगायतका तरकारी रोपेको भन्दै वडाध्यक्ष खोपीरामले बिहान साँझको समयमा आफूहरूले काम गर्ने र दिउँशोको समयमा काम गर्नका लागि २ जना कर्मचारी राखेको जानकारी दिनुभयो।

'वडावासीहरूलाई आत्मनिर्भरताको बाटो देखाउन ६ लाखको लागतमा तरकारी खेती सुरु गरेका थियौं। अहिले सोही व्यवसायले आम्दानी दिन थालेको छ। प्रत्येक महिना ६० हजार रूपैया आम्दानी गर्दै आएको छौं', 'जनताको कामसँगै व्यवसाय गर्दा आत्मसन्तुष्टि मिलेको छ। हामीले नभ्याएको समयमा काम गर्नलाई २ जना कर्मचारी राखेका छौं।'

घोराही वजारदेखि ४ किलोमिटरको दुरीमा रहेको वडाध्यक्षहरूको तरकारी खेतीमा तरकारी किन्नका लागि व्यवसायीहरू पुग्ने गरेका छन्। रासायनिक मलको बढ्दो प्रयोगले उत्पादनमा ह्रास आएको भन्दै अब आर्गेनिक खेतीमा जाने तयारी गरिरहेको वडाध्यक्ष रविलाल घर्तीले जानकारी दिनुभयो। घोराही वजारमा भारतबाट आउने तरकारीले गर्दा आफ्नो उत्पादनले राम्रो मूल्य नपाएको वडाध्यक्ष खुसीरामले गुनासो गर्नुभयो।

जानकारी

# दूध खानुको फाईदा के के ?



कुनै पनि स्तनधारी कुनैपनि स्तनधारी प्राणीका लागि दुध अतिनै आवश्यक पदार्थ हो। अझ मानव जीवनका लागि त झनै महत्वपूर्ण पदार्थ हो। कुनै पनि शिशुका लागि जन्मेको ६ महिना सम्म उसको सम्पूर्ण खानेकुरा भनेकै दुध मात्र हो। अर्थात दुध बाहेक अरू चिज दिन सकिदैन वा हुदैन पनि।

बच्चाको उमेर बढदै जाँदा विस्तारै आमाको दुध आउने र बच्चाले खानेक्रम घटदै जान्छ। त्यसको पूर्ति गाई , भैंसी, भेडा, बाख्रा लगायतका जनावरका दुधबाट पूर्ति गर्ने गरिन्छ। दुध 'माइक्रो न्युट्रेन्ट' हो , जसले शरीरको सम्पूर्ण बृद्धिविकासका लागि सहयोग पुऱ्याउँछ। दुधबाटै शरीरका लागि आवश्यक पर्ने प्रोटिन, कार्वोहाइट्रेड, फ्याट र मिनरल्स लगायतका तत्वहरू पाइन्छ।शरीरका लागि आवश्यक पदार्थ दुधबाटै पाइने हुनाले नियमित रूपमा दुध पिउने व्यक्ति शारीरिकरूपमा तन्दुरुस्थ र निरोगी हुन्छ। दुधमा पानीको मात्रा निकै बढी हुन्छ। त्यसैले साना बच्चाहरूलाई दुध खुवाएपछि छुट्टै पानी खुवाईदैन। किनकी दुधले पानीको काम पनि गर्छ। १०० ग्राम दुधमा ८७.७ ग्राम पानी हुन्छ। ३.३ ग्राम प्रोटिन, ३.६ ग्राम लिपिड, ४.६ ग्राम कार्वोहाइट्रेड ०.२ ग्राम अर्गानिक एसिड र ०. ७ ग्राम मिनरल्स हुन्छ।

दुधमा पाइने प्रोटिनले शरीरको वृत्तिविकासको लागि काम गर्छ। बोसो र कार्वोहाइट्रेडले शरीरलाई शक्ति प्रदान गर्छ। तुलनात्मक रूपमा गाईको भन्दा भैंसीको दुधमा कार्वोहाइट्रेड र बोसोको मात्रा बढी हुन्छ। तर कोलिस्ट्रोल र मिनरल्सको मात्रा गाईको दुधमा बढी पाइन्छ।

### के काम गर्छ ?

दुधले शरीरलाई शक्ति दिने काम गर्छ। शरीरका अंग तथा कोशहरूको बृद्धिविकास वा शरीर बढाउनमा मद्दत गर्छ। त्यस्तै पानीको मात्रा पनि बढाउँछ। दुधमा पाइने क्याल्सीयमले हड्डीको विकास गर्छ। आइरनले हेमोग्लोविनको अर्थात शरीरलाई चाहिने रातो पदार्थको काम गर्छ। फोस्पोरसले हडडीलाई चाहिने बस्तुको काम गर्छ। सोडियम पोटासियमले पानीको मात्रा मिलाउने काम गर्छ। त्यस्तै प्रत्येक कोषका लागि चाहिने लवणहरू पाइन्छ।

### कस्तो विरामीले दुध सेवन गर्नु हुदैन ?

सामान्यतया दुध खान नहुने भन्ने त्यस्तो रोग नै छैन। जुनसुकै रोगीले पनि ताजा दुध खानु स्वास्थ्यको लागि लाभदायक नै हुन्छ। तर कहिले काही दुध नखानु पनि राम्रो मानिन्छ। त्यो अवस्था कतिवेला आउछ भने जव हाम्रो शरीरमा ल्याक्टोजको मात्रा कमी भएर पखला लाग्छ। ल्याक्टोज भन्ने एक किसिमको सुगर जस्तै तत्व हुन्छ। त्यसले पाचनको काम गर्छ।

जो मान्छेमा त्यो तत्वको कमी हुन्छ त्यस्ता व्यक्तिले दुधको सेवन गर्दा झनै पखला लाग्ने बढने सम्भावना हुन्छ। यसलाई चिकित्सक भाषामा ल्याक्टोज इन्टोरोलेन्स भन्ने गरेको छ। यो विशेष गरी बालक र बृद्धहरूमा देखा पर्छ। त्यसैले ल्याक्टोज इन्टोलोरेन्स हुदा खेरी भरीसक दुध नपिउनु राम्रो भन्ने गरिन्छ। अन्यथा जुनसुकै रोगका विरामीले दुध पिउनु सकिन्छ।

चिकित्सा विज्ञानले बच्चालाई जन्मेको कम्तीमा छ महिना सम्म आमाको दुधमात्रै खुवाउनु पर्छ भनेको छ। त्यसपछि भने आवश्यकता अनुसार गाई भैसीको दुधहरू खुवाउन सकिन्छ। त्यो क्रमलाई जिवनभर निरन्तरता दिन सकिन्छ। पछिल्ला समयमा बजारमा पाइने प्याकेटवाला दुधमा पनि गाईभैसीकै दुधमा पाइने तत्व हुनुपर्ने हुन्छ तर कतिपय कम्पनीका दुधमा त्यस्तो तत्व नभएको भन्ने समेत सुनिएको छ। त्यसैले प्याकेट दुधको खरीदमा त्यसको प्याकेटमा लेखिएको तत्वहरूको समेत अध्ययन गर्नु जरुरी हुन्छ।

दुधबाटै बन्ने दहीले समेत मानव स्वास्थ्यका लागि फाइदा जनक छ। दुधमा पाइने तत्वसंगै दहीमा ल्याक्टो बेक्टेरियास भन्ने तत्व हुन्छ। त्यसले इन्जाइमको काम गर्छ। त्यस्तै दुधबाट बन्ने पनिर तथा चीजले प्रोटिनको काम गर्छ। त्यसैले दुधमा हुने विभिनन पदार्थलाई आवश्यकता अनुसार विभिन्न परिकारमा परिवर्तन गरी फाईदा लिन सकिन्छ।■

जानकारी

# कसरी पाउने कृषि कर्जा/ब्याज अनुदान !

बुटवल, जेठ। केन्द्रिय बैंकको पछिल्लो प्राबधान अनुसार नेपालमा रहेका वाणिज्य बैंकहरूले युवाहरूलाई व्यवसायिक कृषि, उर्जा तथा पर्यटन क्षेत्रमा गरि २० प्रतिसत अनिवार्य लगानी गर्नु पर्ने प्रावधान रहेको देखिन्छ। त्यसमा पनि खास गरि कृषि र उर्जामा १२ प्रतिसत अनिवार्य लगानी गर्नुपर्ने व्यवस्था छ। यति मात्र होईन, उक्त ऋणमा ४ प्रतिसतसम्म ब्याज अनुदानको पनि व्यवस्था गरिएको छ।

एकातर्फ बैंकहरूले कृषि क्षेत्रमा अनिवार्य लगानी गर्नुपर्ने प्राबधान रहेको छभने अर्कोतर्फ कृषि कर्ममा संलग्न कृषक तथा कृषि व्यवसायीहरू कर्जा नपाएर हैरान परेका छन्। कृषिकर्मीहरू ऋण नपाएर हैरान परि रहेको बेला बैंक तथा बित्तिय संस्थाहरू भने ऋणीहरूले जुन उद्देश्यले ऋण लिएको त्यस अनुरूप रकम प्रयोग नभएको र कतिपय आवेदनहरू नियम बाहिर रहेर पेश भएको बताउछन्।

कृषि ऋण प्राप्त गर्न तथा ब्याज अनुदानका लागि कस्ता कृषक तथा कृषि व्यवसायी योग्य हुन्छन त ? नेपाल बैंकर्स संघका अनुसार ब्याज अनुदानका लागि योग्य कृषि व्यवसायहरूमा तरकारी, बीउबिजन, पुष्प व्यवसाय, पशुपंक्षी पालन, फलफूल, दुग्ध व्यवसाय, मत्स्य पालन, च्याउ उत्पादन, पशु बधशाला एवम् मासुजन्य उत्पादन लगायतका कृषि व्यवसायहरूका साथै नेपाल सरकारले समय-समयमा थप गर्ने अन्य कृषि व्यवसायहरू रहेका छन्।

ब्याज अनुदान प्राप्त गर्न योग्य व्यवसायिक कृषि कर्जाका मुख्य व्यवस्थाहरू निम्न बमोजिम छन्

१. ब्याज अनुदान सहितको कर्जाको लागि महानगरपालिका र उपमहानगरपालिका कार्यक्षेत्र बाहिरका २१ देखि ४५ वर्ष उमेर समुहका कृषि व्यवसायीहरूले आवश्यक कागजातहरू संलग्न गरी आफूलाई उपयुक्त लागेको वाणिज्य बैंकको शाखामा निवेदन दिनु पर्ने छ। वाणिज्य बैंकका शाखाले प्राप्त निवेदन उपर कर्जा विश्लेषण तथा सम्भाव्यता अध्ययन गरी निवेदन तथा अन्य आवश्यक विवरणका साथै कर्जाको सदुपयोग हुने र सावाँ ब्याज रकमको किस्ता नियमित रूपमा बुझाउन सक्ने भन्ने लगायतका सम्बन्धमा यकिन गरी बैंकलाई मान्य हुने सुरक्षण तथा शर्तका आधारमा कर्जा प्रवाह गर्ने छ।
२. कर्जा प्रवाह गर्न नसकिने अवस्थामा सम्बन्धित बैंकवाट सो बारे आवश्यक जानकारी दिइने व्यवस्था हुनेछ।
३. उपरोक्त अन्तरगत कर्जाको सीमा प्रति ग्राहक अधिकतम रु.१ करोड र कर्जाको भुक्तानी अवधि बढीमा ५ वर्षको हुनेछ।
४. ऋणीले लिएको कर्जाको साँवा ब्याज रकम समयमै भुक्तानी गर्नु पर्ने, कर्जा सुरक्षीत गर्नका लागि वाणिज्य बैंकले मागेका विवरण उपलब्ध गराउने र तोकेका शर्तहरूको अनिवार्य पालना गर्नु पर्नेछ।
५. जुन उद्देश्यको लागि कर्जा लिइएको हो सोही उद्देश्यको लागि मात्र कर्जा लगानी गर्नु पर्नेछ। उक्त कर्जा सदुपयोग भएको नपाईएमा ब्याज अनुदान नपाइने साथै कर्जाको सावाँ ब्याज सहित संम्पूर्ण रकम तुरुन्त भुक्तानी गर्नुपर्नेछ।
६. यस्तो कर्जामा वाणिज्य बैंकहरूले ऋणी कृषि व्यवसायीहरूबाट ६ प्रतिशत सम्म मात्र ब्याज लिन पाउने छन्।
७. वाणिज्य बैंक तथा ऋणीहरूको समझदारीमा कर्जाको आवश्यक बिमाको व्यवस्था पनि गर्न सकिनेछ।

अनुदानका लागि योग्य कृषि व्यवसायहरू

१. तरकारी उत्पादन, प्रशोधन तथा भन्डारण।
२.बीउ विजन उत्पादन, प्रशोधन तथा भन्डारण।
३, पुष्प व्यवसाय।
४, पशुपंक्षीपालन।
५, फलफूल उत्सपादन, उत्सपाडदत फलफुलको प्रशोधन तथा भन्डारण।
६, दुग्ध उत्पादन, प्रशोधन र बिक्री वितरण तथा प्रशोधन र षवि षवतरण।
७, मत्सस्यपालन उत्सपाडदत माछाको भन्डारण विक्री वितरण।
८, च्याउ उत्सपादन प्रशोधन तथा भन्डारण।
९, पशु बधशाला एवं मासुजन्य उत्पादन व्यवसाय।
१०, जडिवुटी उत्सपादन प्रशोधन र भन्डारण।
११, उखु खेती, अलैंची खेती, अदुवा खेती, त्यसको भन्डारण तथा प्रसोधन।
१२, नेपाल सरकारले समय समयमा थप गरेका अन्त्य कृषि व्यवसायहरू।■

जानी राखौं ।

# मकैं खेती कहाँ, कुन महिनामा कुन जातको लगाउने सम्पूर्ण जानकारी



मकै नेपालको प्रमुख अन्नवाली मध्ये एक हो। हिमाल, पहाड, तराई सबै भेगमा मकैं उत्पादन हुने गर्दछ। मकैबाट ढींडो, रोटी, चिउरा, च्याँख्ला वा ग्रीटको भात आदि परिकार बनाएर खान सकिन्छ। पछिल्लो समय मकैंबाट खानेतेल पनि उत्पादन हुन थालेको छन्। मकैं खेतीको लागि पानी नजम्ने, मलिलो, दुमट तथा पि एच मान ७.०-७.३ भएको माटो उपयुक्त हुन्छ।

मकैं हिमाल, पहाड, तराई ठाउँ अनुसार भिन्न-भिन्नै जातको बिउ लगाउन उपयुक्त हुन्छ। साथै मकैंबालीको लागि गोडमेल, मलजल, रोग, रोप्ने विधि देखी व्यवस्थापन सम्मको जानकारी हुन आवस्यक छ। मकैंबालीको लागि कृषि व्यवस्थापन सूचना प्रणालीले तयार पारेका बुदाहरू निम्न प्रकारका छन्। जुन मकैं बालीको खेती गर्नेले जान्न निक्कै महत्पूर्ण छ।

१- तराई तथा भित्री मधेशका लागि उपयुक्त उन्नत मकैका जातहरू कुन कुन हुन् ?
रामपुर कम्पोजिट, अरूण २, रामपुर २, अरूण १ जस्ता जातहरू तराई तथा भित्री मधेशका लागि उपयुक्त छन्।

२- मध्य पहाडको लागि उपयुक्त उन्नत मकैका जातहरू कुन कुन हुन् ?
खुमल पहेलो, मनकामना १, मनकामना ३, देउती, शीतला, मनकामना ४, पोषिलो मकै १, मनकामना ५, मनकामना ६।

३- उच्च पहाडको लागि उपयुक्त उन्नत मकैका जातहरू कुन कुन हुन् ?
गणेश १, गणेश २ जस्ता जातहरू उच्च पहाडका लागि उपयुक्त हुन्छ।

४- तराईका मकैमा किन दाना नलाग्ने समस्या आएको होला ?
मकैको धान चमरा निस्कने बेलामा बातावरणको तापक्रम १० डिग्री सेल्सियस भन्दा कम र ३५ डिग्री सेल्सियस भन्दा बढी भएमा दाना नलाग्ने समस्या हुन्छ।

५- तराईका मकैमा दाना नलाग्ने समस्याबाट बच्न के गर्नुपर्ला ?
असोज या मंसिरमा मकै छर्न सकियो भने उक्त समस्याबाट बच्न सकिन्छ।

६- मकै खेतीको लागि कस्तो माटो उपयुक्त हुन्छ ?
पानी नजम्ने, मलिलो, दुमट तथा पि एच मान ७.०-७.३ भएको माटो उपयुक्त हुन्छ।

७- मकैको बीउ दर कति हो ?
लाइनमा लगाउँदाः ६७० ग्राम प्रति कठ्ठा वा १ के.जी प्रति रोपनी वा २० के.जी. प्रति हेक्टर
हलो पछाडि लगाउने हो भनेः १ के.जी. प्रति कठ्ठा वा १.५ के.जी. प्रति रोपनी वा ३० के.जी. प्रति हेक्टर बीउ पर्याप्त हुन्छ।

८- मकै रोप्दा बोट संख्या कति हुनुपर्दछ ?
साधारणतया मकैको बोट एक रोपनीमा २५०० बोट, एक कठ्ठामा १६६६ र एक हेक्टरमा करिब ५०,००० देखि ५५,००० बोट भएमा बढी उत्पादन लिन सकिन्छ।

९- मकै रोप्दा एक लहर देखि अर्को लहर र एक बोट देखि अर्को बोटको दूरी कति हुनुपर्दछ ?
यसको लागी एक लहर देखि अर्को लहर ७५ से.मी. र एक बोट देखि अर्को बोटको दूरी २५ से.मी. कायम गरेमा उक्त बोट संख्या कायम गर्न सकिन्छ।

१०- लेकमा मकै कहिले छर्ने ?
लेकमा मकै फाल्गुण-चैतमा छर्नु राम्रो हुन्छ।

११- मध्य पहाडमा मकै कहिले छर्ने ?
मध्य पहाडमा चैत-बैशाखमा मकै छर्नु राम्रो हुन्छ।

१२- तराई तथा भित्री मधेशमा बसन्ते मकै कहिले छर्ने ?
फाल्गुण-चैतमा मकै छर्नु राम्रो हुन्छ।

१३- तराई तथा भित्री मधेशमा बर्षे मकै कहिले छर्ने ?
बैशाख-जेठमा मकै छर्नु राम्रो हुन्छ।

१४- तराई तथा भित्री मधेशमा हिउँदे मकै कहिले छर्ने ?
भदौ-असोजमा।

१५- मलखादको प्रयोग कसरी गर्ने ?
डि.ए.पी. र पोटासको सम्पूर्ण भाग जमिन तयारीमा हाल्ने र यूरियाको आधा भाग बोट घुँडा घुँडा भएको अवस्थामा र आधा भाग जुँगा र चमर निस्कने बेलामा हाल्ने।

१६- सिंचाईको हिसाबमा मकैको सम्बेदनशील अवस्था कुन हो ?
जुँगा निस्कने अवस्था र दाना पोटिलो हुने अवस्था मकैको सम्बेदनशील अवस्था हो र यस्तो अवस्थामा माटोमा चिस्यान कमी देखिएमा सिंचाई दिनुपर्दछ।

१७- बसन्ते र हिउँदे मकैमा सिंचाईको हिसावले ख्याल गर्नुपर्ने कुरा ?
बसन्ते र हिउँदे मकैका लागि रोप्ने बेलामा माटोमा चिस्यान कम भएमा सिंचाई गर्नुपर्दछ।

१८- मकैमा गोडमेल या झारपात ब्यवस्थापन कहिले गर्ने ?
पहिलो गोडाई मकै उम्रेको ३ देखि ४ हप्ता भित्र गरिसक्नु पर्दछ। र दोस्रो गोडाइ पहिलो गोडाई गरेको ३ देखि ४ हप्ता पछि गरिन्छ। दोश्रो गोडाईमा उकेरा दिईन्छ।

१९- मकै भाच्ने बेला भयो भन्ने कसरी थाहा पाउने ?
मकैको दाना उप्काई खोयामा गाडीने भाग तिर कोट्याई हेरेमा कालो पत्र देखिएमा मकै पाकेको निश्चित हुन्छ।

२०- मकै भाच्ने बेलामा चिस्यान कति हुनुपर्दछ ?
साधारणतया मकैको दानाको चिस्यान ३० प्रतिशत भन्दा कम भए पछि भाँच्नु उपयुक्त हुन्छ।

२१- मकैलाई भण्डारण गर्दा चिस्यान प्रतिशत कति हुनुपर्दछ ?
मकैलाई जति सक्दो बढी घाममा सुकाई भण्डारण गर्नु पर्दछ। भण्डारण गर्नको निमित्त १२ देखि १४ प्रतिशत चिस्यानमा ल्याउनु पर्दछ।

२२- मकै भण्डारणमा कीराको नियन्त्रण कसरी गर्ने ?
एउटा सिडबीन -१ देखि २ क्विन्टल) मा एक चक्की सेल्फस राखी हावा नछिर्ने गरि बन्द गर्नु पर्दछ।

२३- मकैको गवारो नियन्त्रण गर्न के गर्नुपर्छ ?
गवारोको आक्रमण देखिएमा सेभिन गेडा, थायोडेन गेडा, फोरेट गेडा, फ्युराडेन गेडा मध्ये कुनै एक ३-४ दाना मकै वोटको प्रत्येक गुवोमा ४र५ पातको अवस्थामा पहिलो पल्ट र २५र३० दिन पछि दोश्रो पल्ट प्रयोग गनु पर्छ।

२४- मकैमा किर्था नियन्त्रण गर्न के गर्नुपर्छ ?
तपसिल अनुसार विषयुक्त चारा बनाई १० कि.ग्रा. प्रति हेक्टर छर्नु पर्छ।
गहुँको चोकर-१ कि.ग्रा, क्लोरोडेन वा मालाथियन धुलो-५ ग्राम, सख्खर वा भेली-५ ग्राम र मुछ्न चाहिने जति पानी हाली छर्नुपर्दछ।

२५- मकै भण्डारणमा घुनबाट बच्ने वानस्पतिक उपाय के छ ?
बोझोको धुलो २०-२५ ग्राम प्रति केजी अनाजका दरले राख्दा घुनबाट बचाउन सकिन्छ।
झुसेतिलको तेल १-२ मि.लि. प्रति किलोग्राम अनाजका दरले उपचार गरेर थन्क्याएको अनाजमा घुन र पुतलीहरूले क्षति गर्न सक्दैनन्।

२६- सुपर ग्रेन ब्याग भनेको के हो ?
प्लाष्टिक झोला हो जसमा १२ प्रतिशत चिस्यान भएका अनाज या बीउलाई ८ महिना सम्म सुरक्षित भण्डारण गर्न सकिन्छ। यसमा ६५ केजी तौलसम्म बीउ भण्डारण गर्न सकिन्छ।

२७- दक्षिणी मकैको पात डढुवा रोगको नियन्त्रण उपाय के होला ?
मकै रोप्नु भन्दा पहिले बीउलाई थिराम नामक बिषादीले १ किलो ग्राम बीउलाई २.५ ग्राम थिरामका दरले बीजोपचार गर्नुपर्दछ।

२८- उत्तरी मकैको पात डढुवा रोगको नियन्त्रण उपाय के होला ?
मकै रोप्नु भन्दा पहिले बीउलाई थिराम नामक बिषादी ले १ किलो ग्राम बीउलाई २.५ ग्राम थिरामका दरले बिजोपचार गर्नुपर्दछ। र डाईथेन एम-४५, २ ग्राम प्रति लिटर पानीका दरले छर्नु पर्दछ।

२९- ध्वासे थेग्ले रोगबाट बच्ने उपाय के होला ?
अवरोधी जातहरू लगाउनेः उच्च पहाडको लागि गणेश-१, गणेश-२ र मध्य पहाडको लागि देउती, शितला, मनकामना-३ ।

३०- मकैको श्रोत बीउ कहाँबाट प्राप्त गर्न सकिन्छ ?
राष्ट्रिय बीउ बिजन कम्पनी, नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतका कार्यक्रम, स्थानिय स्तरमा रहेका बीउ उत्पादक समूह या सहकारी, निजी कम्पनी र जानकारीको लागि जिल्ला कृषि बिकास कार्यलयमा सम्पर्क गर्ने।

३१- मकैको जातका नाम पछाडि राखिने अङ्कले के जनाउँछ ?
जोडा अङ्कले मकैको दाना पहेलो जनाउछ, बिजोड अङ्कले दाना सेतो जनाँउदछ।

३२- मकै वालीमा मलखादको मात्रा कति प्रयोग गर्नु पर्दछ ?
प्रति हेक्टर डि ए पि १५० के जी, युरिया २०० के जी, पोटास ५० के जी, गोबार मल १५००० के जी,
प्रति रोपनी डि ए पि ७.५ के जी, युरिया १० के जी, पोटास २.५ के जी, गोबार मल ७५० के जी,
प्रति कठ्ठा डि ए पि ५ के जी, युरिया ६.६ के जी, पोटास १.५ के जी, गोबार मल ५०० के जी.■

*स्रोतः हलोखबर*

# रूपन्देहीमा पहिलो अत्याधुनिक मासु प्रसोधन केन्द्र र कोल्ड स्टोर

## एक घण्टामा १ हजार कुखुरा बध, १ सय ५० टन मासु स्टोर गर्ने क्षमता




**कृषि पत्र संवाददाता**
बुटवल, जेठ।

विगत लामो समय देखि दानाउद्योग क्षेत्रमा स्थापित अन्नपूर्ण एग्रो ग्रुपले बुटवल उपमहानगरपालिका वडा नम्बर ११ पवित्रनगरमा अत्याधुनिक उपकरण जडित अटोमेटिक कुखुराको मासु प्रसोधन केन्द्र(बधसाला) र कोल्ड स्टोर निर्माण गरेको छ। अन्नपूर्ण एग्रो ग्रुपले हिमचुली एग्रो ईडष्ट्रिज प्रा(लि) स्थापना गरेको छ।

भारतबाट आयात गरिएको उपकरण जडान गरिएको उक्त ईडष्ट्रिजमा करोडौं लागत लागेको छ। एग्रो ग्रुपका अध्यक्ष शंकर टण्डनका अनुसार पहिलो चरणमा कुखुरा बधगर्ने र उक्त मासु प्रशोधन गरी विभिन्न बस्तुहरू निर्माण हुने छन् भने अन्य मासु पुर्णरूपमा वातानुकुलित वातावरणमा स्टोर समेत गर्न सकिने छ। साढे दुई कठ्ठा आफ्नै जग्गामा भौतिक संरचना निर्माण गरी उक्त उद्योग सञ्चालनमा ल्याइएको हो।

१ सय ५० टन मासु स्टोर गर्न सक्ने क्षमताको कोल्ड स्टार निर्माण गरिएको छ भने एक घण्टामा १ हजार कुखुरा बध गर्ने सक्ने पुर्णरूपमा अत्याधुनिक उपकरण जडीत कटिङ्ग (मासुबधशाला) निर्माण गरिएको हो।

अध्यक्ष टन्डनका अनुसार यस्तो प्रविधि जडान गरिएको उद्योग यस क्षेत्रमा पहिलो हो। उपभोक्ताहरूलाई स्वथ्य, सफा मासु उपभोग गराउने गरी पहिलो चरणमा कुखुराबाट सुरुवात गरिएको उनको भनाई रहेको छ। निटक भविश्यमा मासुका विभिन्न प्रशोधित बस्तुहरू निर्माण गरी बजारीकरण गर्ने समेत उदेश्य एग्रो ग्रुपले राखेको छ। समुहमा राजकुमार पराजुली, धातानन्द कण्डेल, शंकर टण्डन, बम बहादुर गुरुङ्ग, झविलाल भट्राई, नारायण पंगेनी रहेका छन्।

यस भन्दा पलिहा दाना उद्योग सञ्चालन गर्दै आएको समुहले किसानहरूको लागि हाईब्रेड(उच्च गुणस्तरको) मकै उत्पादनको लागि सहयोग गर्दै आएको छ। न्युन्तम माईनस् ४० डिग्री सम्मतापक्रम पुऱ्याउन सक्ने गरी मासु स्टोर गर्न सकिने ईडष्ट्रिजका प्रोजेक्ट संयोजक डा. प्रकाश कण्डेलले जानकारी दिए।

उनका अनुसार ग्रुपले किसानलाई हाईब्रेड मकै उत्पादनको लागि प्राविधिक सहयोग देखि लिएर उत्पादिक मकै खरिद गरिदिने, कुखुराका लागि चाहिने सबै प्रकृतिको दाना उत्पादन गरी कुखुरा पालक किसानलाई दिने र किसानबाट उत्पादित भएको कुखुरा सबै खरिद गरी मासु जन्य परिकार निर्माण गरी विक्रि वितरण गर्ने गरी कार्यको सुरुवात गरिएको डा. कण्डेलको भनाई रहेको छ।

ईडष्ट्रिजका सञ्चालक राज कुमार पाराजुलीका अनुसार यस क्षेत्रमा स्थापना गरिएको मासु प्रशोधन केन्द्र सहितको कोल्ड स्टोर ले उपभोक्ताले स्वथ्य मासु सेवन गर्नमा महत्पुर्ण भुमिमा निर्वाह गर्ने छ। मासुजन्य परिकारहरू ढुवानीका



लागि सोही प्रकृतको कोल्ड स्टोर जडीत गाडी समेत खरिद गरी सञ्चालनमा ल्याएको एग्रो ग्रुपले जनाएको छ।

सञ्चालक पराजुलीले अर्घाखाँची जिल्लाको सितगंगा नगरपालिकामा करिव ५० हजार बढि चल्ला उत्पादन गर्ने ह्याचरी समेत स्थापना गरी सञ्चालनको तयारी एग्रो ग्रुपले गरेको छ। अहिले अन्नपूर्ण एग्रो ईन्डष्ट्रिज ले दैनिक डेढ सय टन दाना उत्पादन गरी बजारीकरण गर्दै आएको छ। अहिले रूपन्देही, नवलपरासी, कपिलवस्तु जिल्लाका विभिन्न स्थानका किसानहरूलाई मकै खेतीमा विशेष सहयोग ग्रुपले गर्दै आएको छ। ■

### हेल्थ जानकारी

# शरीरलाई दुधले के फाईदा गर्छ ?

हामीले नियमित खाने गरेको दूधले धेरै कुरामा हामीलाई फाइदा गर्दछ। सामान्यतया नेपालमा गाइ, भैसी र बाख्राको दुध खाने गरीन्छ। दूध खानुका फाइदा यस्तो रहेको छ।

**हाड:**

दूध र दुग्धजन्य उत्पादन क्याल्सियम, फोस्फोरस, म्याग्नेसियम र प्रोटिनका स्रोत हुन्, जुन हडी वृद्धि र विकासका लागि अनिवार्य छन्। बाल्यकालदेखि नै आवश्यकमात्रामा दुध र दुग्धजन्य उत्पादन उपभोग गर्नाले हडी मजबूत हुनाको साथै भविष्यमा ओस्टियोपोरोसिसजस्ता रोगसंग लड्ने क्षमतामा वृद्धि गर्छ।

**दाँत:**

दुधमा हुने क्याल्सियम र फोस्फोरसको मात्राले दाँतको विकास र निर्माणमा मद्दत पुऱ्याउँछ। दुधमा पाइने प्रचुर प्रोटिनले दाँतको इनामेलको पातलो आवरण निर्माण गर्छ। यो आवरणले दाँत अम्लीय पदार्थको सम्पर्क आउँदा इनामेलबाट क्याल्सियम र फोस्फेट क्षति हुनबाट बचाउँछ। दुधले गुलिया खानाबाट दाँतलाई हुने असरबाट पनि बचाउँने अनुसन्धानहरूले देखाइसकेका छन्। यसैले पनि दन्तरोग विशेषज्ञहरूले दूधलाई खानाको बीचमा पिउँने सुरक्षित तरल पदार्थ भनेका छन्। यसले दाँतलाई सडनबाट पनि बचाउँछ।

रक्तचाप:

अध्ययनहरूले के देखाएका छन् भने दैनिक तीन भाग दुग्धजन्य पदार्थ, ५ भाग फलफुल तथा तरकारी र न्युन नुन खानाले वयस्क तथा बालबालिका दुवैमा उच्च रक्तचाप घटाउँछ। दुधसहित क्याल्सियम, पोटासियम र प्रोटिन खानाले उच्च रक्तचाप घट्ने बताइन्छ।

**मुटु:**

दुध र दुग्धजन्य पदार्थको सेवनले मुटुसबन्धी रोग लाग्ने खतरा पनि घटाउँने एक अध्ययनले देखाएको छ। बेलायतको वेल्समा गरिएको एक अध्ययनले बढी दुध सेवन गर्ने मानिसमा सेवन नगर्नेमा भन्दा हृदयाघातको खतरा कम भएको पाइएको थियो। विज्ञका अनुसार दुधमा पाइने क्याल्सियमको उच्च मात्रा मुटु जोगाउन लाभकारी रहेको पाइएको थियो। उच्च क्याल्सियमले खराब कोलेस्टेरोल हटाउँने र असल कोलेस्टेरोलको मात्रा बढाउँने अध्ययनहरूले देखाएका छन्।

**मोटोपना:**

कतिपय मानिसहरू मोटो होइन्छ भनेर दुध पिउने गर्दैनन्। तर, दुध र दुग्धजन्य पदार्थ नियमित सेवन गर्नेहरूको मोटोपनासमेत घट्ने अध्ययनले देखाएको छ। यो क्यालोरी नियन्त्रित गर्ने डाइटको एक भागको रूपमा मानिन्छ।

**टाइप टु डायबेटिज:**

अध्ययनहरूका अनुसार नियमित रूपमा कम चिल्लो भएको दुग्धजन्य पदार्थ सेवन गर्नाले टाइप टु डायबेटिजको खतरा कम गर्छ। हालै ३७ हजार वयस्क महिलामा गरिएको अध्ययनले बढी मात्रामा दुध सेवन गर्नेहरूमा डायबेटिजको खतरा कम भएको पाइएको थियो। सन् २००५ मा पुरुषमा गरिएको अध्ययनले पनि यस्तै खालको नतिजा पाइएको थियो।

**क्यान्सर:**

नियमित दुधको सेवनले कोलोरेक्टल र स्तन क्यान्सरको खतराबाट बचाउँछ। ४५ हजार स्वीडिसमा पुरुषमा गरिएको अध्ययनले १.५ ग्लास वा त्योभन्दा बढी दुध दैनिक सेवन गर्नेमा हप्तामा दुई गिलासभन्दा कम पिउनेभन्दा क्यान्सरको खतरा ३५ प्रतिशतले कम भएको पाइएको थियो। नर्वेमा ४० हजार महिलमा गरिएको अध्ययनमा पनि स्तन क्यान्सरको खतरा कम भएको पाइएको थियो।

**हाइड्रेसन:**

शरीरमा पानीको मात्रा पुऱ्याउँन नियमित ६ देखि ८ कप तरल पदार्थ सेवन गर्नुपर्ने हुन्छ। पानीको मात्रा नपुगे स्मरणशक्तिमा ह्रास आउँने र चिडचिडाहट हुने हुन्छ। दुध तरल पदार्थ आपूर्ति गर्ने उपयुक्त स्रोत बन्न सक्छ। यो शरीरलाई आवश्यक तरल पदार्थको स्रोतमात्रै नभई दाँतका लागि पोषक तत्वको समेत भूमिका खेल्छ। त्यसैले हामीले सफा र स्वच्छ दूधलाई उमालेर सेलाएपछि सेवन गर्न सकिन्छ। ■




